# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## सूर्यविनायक नगरपालिका

भक्तपुर




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## सूर्यविनायक नगरपालिका

भक्तपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## सूर्यविनायक नगरपालिका

भक्तपुर


**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ। आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट मूलतः बजेट अवण्डा राखि खर्च गरेको, खर्चको तुलनामा आन्तरिक आयको हिस्सा न्युन रहेको, बर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, दरबन्दी अनुसार पदपुर्ती नभएको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको जस्ता व्यहोराहरु देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको जस्ता समस्याहरु रहेका छन् ।

उल्लिखित विषयहरुका अलवा स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको समेत देखिएन । त्यसैले लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश

पत्र संख्याः २०७९।८०

च.नं. १४५

मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
सूर्यविनायक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
भक्तपुर ।

## कैफियत सहितको राय

हामीले सूर्यविनायक नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगर पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.३ करोड ३९ लाख ८६ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.१० लाख ६८ हजार फस्यौंट भई बाँकी बेरुजू प्रमाण कागजात पेस गर्नुपर्ने रू.५० लाख ८१ हजार, नियमित गर्नुपर्ने रू.३३ लाख १८ हजार र पेश्की रू.२ करोड ४५ लाख २० हजार रहेको छ । पालिकाको गत वर्षसम्म रू.२४ करोड २ लाख ४२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रू.२६ करोड १३ लाख ९० हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट अवण्डा बजेट राखी खर्च गरेको, वर्षान्तमा बढी खर्च गरेको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुगमन मुल्याङ्कन कार्य प्रभावकारी नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

## वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

# सूर्यविनायक नगरपालिका, भक्तपुर

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| २४ | ४५ | ३३९८६ | ० | २ | १०६८ | २४ | ४३ | ३२९१८ | ० | ३३१८ | ५०८१ | ० | ० | ८३९९ | २४५२० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १. | ८ | प्रमाण पेस भई फस्यौंट | ९९९६६० |
| २. | ९ | असुल भई पेस भएको आधारमा फस्यौंट | ६८००० |
| | | **जम्मा** | **१०६७६६०** |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| २४०२४२ | ० | ११७७० | २२८४७२ | ० | ३२९१८ | २६१३९० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : सूर्यविनायक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भक्तपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राजेन्द्र प्रसाद कडेल | २०७८-२-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | महेश भट्टराई | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३२,९१८,४६० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६०,८५,२५,२२९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५२,२६,४४,४९३ | **चालु खर्च** | ५३,२८,७९,६७३ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,७३,४३,०९९ | **पूँजीगत खर्च** | ९२,६९,२९,७४० |
| **राजश्व बाँडफाँट** | ९५,२०,००० | **वित्तीय/अन्य व्यवस्था** | २,०६,६२,८४३ |
| **आन्तरिक आय** | १,१५,२४,८६,२२२ | | |
| **अन्य आय** | १,८९,४१,६०० | | |
| **कुल आय** | १,७६,०९,३५,४१४ | **कुल खर्च** | १,४८,०४,७२,२५६ |
| **बाँकी मौज्दात** | | ८८,८९,८८,३८७ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>सूर्यविनायक नगरपालिका<br>लेखापरीक्षण प्रतिवेदन<br>२०७८।७९<br>स्थानीय नेतृत्व विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । नगरपालिका अन्तर्गत १० वडा रहेको छ भने ४२.४५ वर्ग किलोमिटर क्षेत्रफल तथा २०७८ सालको जनगणनाको प्रारम्भिक तथ्याङ्क अनुसार घर संख्या २३६३७, परिवार संख्या ३५८८५ तथा जनसंख्या १ लाख ३७ हजार ९७१ रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>स्थानीय सञ्चित कोष<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न वमोजिम रहेको छ । (रु. हजारमा)
<table>
<tr><th colspan="5">प्राप्ती भुक्तानी हिसाव</th></tr>
<tr><th rowspan="2">विवरण</th><th rowspan="2">टिप्पणी</th><th colspan="2">यस वर्ष रु.</th><th>गतवर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>प्राप्ति/भुक्तानी</th><th>प्राप्ति/भुक्तानी</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>१५८४४३७०५६</td><td>१७६०९३५४१४</td><td>१२८१५६६०७२</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>१५६१८१००००</td><td>१७४१९९३८१४</td><td>१२५६८५४८६७</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>७०५२०३०००</td><td>९५६६३६२८५</td><td>४५५२७२१४६</td></tr>
<tr><td>१३००० अनुदान</td><td></td><td>७१९४६७०००</td><td>६३१३९१३२१</td><td>६४७८८०६५५</td></tr>
<tr><td>संघीय सरकार</td><td>१२</td><td>५७९७९२०००</td><td>५२२६४४४९३</td><td>४९९९४०६११</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>१२</td><td>७५६७५०००</td><td>५७३४३०९९</td><td>६२६६३४०२</td></tr>
<tr><td>अन्तरिक श्रोत</td><td></td><td>२००००००००</td><td>९५२००००</td><td>४५१५००००</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| जनसहभागिता | | ४४०००००० | ४१८८३७२९ | ४०१२६६४१ |
| १४००० अन्य राजस्व | | १३७१४००००० | १५३९६६२०८ | १५३६७१२३७ |
| १५००० विविध प्राप्ति | | ० | ० | ३०८३० |
| ख. अन्य प्राप्ति | | २२६२७०५६ | १८९४१६०० | २४७११२०५ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० |
| कोषहरु | | २२६२७०५६ | ७४७२७६४ | २४७११२०५ |
| धरौटी | | ० | ११४६८८३६ | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | २११०११९०५६ | १४८०४७२२५६ | १२४४७८१४५२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | २०८७४९२००० | १४५९८०९४१३ | १२३२३६०७९४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३४७५७२००० | २८५७६४८३८ | २७०००१५३५ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ३५२००५००० | २२५१८९५४२ | १४८२४६३६९ |
| २५००० सहायता (Subsidy) | १८ | १०४३१००० | ७३२०००६ | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | २९२७००००० | ११४५७१२७ | ६७५५७३४ |
| २८००० अन्य खर्च | १८ | ४३४०००० | ३१४८१६० | १६४९९८६ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १३४३८७४००० | ९२६९२९७४० | ८०५७०७१७० |
| घ. अन्य भूक्तानी | | २२६२७०५६ | २०६६२८४३ | १२४४७८१४५२ |
| कोषहरु | | २२६२७०५६ | ११३५२७८० | १२४२०६५८ |
| धरौटी | | ० | ९३७९७१३ | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -६९६५० | |
| ङ. यो वर्षको बचत (न्युन) | | -५२५६८२००० | २८०४६३१५७ | ३६७८४६२० |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६०८५२५२२९ | ५६५१९७१०३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -५२५६८२००० | ८८८९८८३८६ | ६०१९८१७२३ |

कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सोझै भुक्तानी भएको सिग्यास तर्फको बजेट खर्चको स्थीति देहाय अनुसार छ :

| नेपाल सरकार तर्फ | क्र सं | कार्यक्रमको नाम | व उ शी नं | कुल बजेट | कुल खर्च |
|---|---|---|---|---|---|
| | १ | गरिबसंग विश्वेश्वर कार्यक्रम | ३३६००१०२३ | ४६४००० | ४६४००० |
| | २ | स्वच्छ वातावरण कार्यक्रम | ३२९००१०७४ | ४०००००० | ३८८०००० |
| | ३ | सामाजिक सुरक्षा तथा संरक्षण | ३१४०१०१२३ | १६९३६८८१६ | १६८५४७८८१ |
| | ४ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३७०००११६४ | २०००००० | २६०४६९९ |
| प्रदेश सरकार तर्फ | १ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३३७०००११४ | २१५७५००० | १७२०९९५१ |
| | २ | प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्धन तथा कोभिड पूर्नस्थापना साझेदारी कार्यक्रम | ३५०००११८३ | २९७३००० | २८९४४१६ |
| | ३ | प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्धन तथा कोभिड पूर्नस्थापना साझेदारी कार्यक्रम | ३५०००११८४ | १४८६५००० | १०४९२४०६ |
| | | **जम्मा** | | **३९४१३०००** | **३०५९६७७३** |

**प्रासि तथा भुक्तानी हिसावका सम्वन्धमा देखिएका व्यहोरा देहाय अनुसार छ :**

- दुवै किसिमका आय व्यय विवरण एकिकृत गरी एकिकृत वित्तिय विवरण तयार गर्नुपर्ने देखिन्छ ।
- नगरपालिकाको गत वर्षको प्राप्ति तथा भुक्तानी हिसावमा वर्षान्तको बैंक मौज्दात रु. ६०,२७,५८,०३७.४६ देखाएकोमा यस वर्ष अ.ल्या. रु. ८८,८६,४५,४२१.०० बैंक तथा नगद बाँकी देखाएको छ । अ.ल्या. फरक देखिएको रु. २८,५८,८७,३८३.५४ का सम्वन्धमा हिसाव मिलान गरी आय व्यय हिसाव यथार्थ गर्नुपर्ने देखिन्छ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा आय व्यय वर्गिकरण र खर्च शिर्षक सम्वन्धि व्यवस्था तथा दफा ७६(२) मा स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने सम्वन्धि व्यवस्था छ । पालिकाले बैंक स्टेटमेण्ट अनुसार देखिएको रु. ८६६०१३४९९.०० प्राप्ति तथा भुक्तानी हिसावमा देखाएको छैन भने प्रकोप व्यवस्थापन कोषमा रहेको मौज्दात रु. ३३७०४९८.०० र विविध कोष खातामा रहेको रु. ३०१७०६७६.०० गरी जम्मा रु. ३५४४११७४.०० को हिसाव लेखाङ्कन गरेको छैन । यस सम्वन्धि विवरण देहायमा उल्लेख छ ।

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>खाताको प्रकार</th><th>खाता अनुसार बाकी रु</th><th>बैंक अनुसार बाकी रु</th><th>बैक स्टेटमेण्ट अनुसार</th><th>खाता एक्टिभेट नभएको</th></tr>
<tr><td>ग २.७, विविध खर्च खाता</td><td>२२६३१९२२</td><td>०</td><td>२२६६२७७९।२०</td><td></td></tr>
<tr><td>ग ३.१, स्थानीय तह धरौटी खाता</td><td>३०७४४१८९</td><td>०</td><td>३०७४४१८९</td><td></td></tr>
<tr><td>ग ४.१, स्थानीय तह सञ्चित कोष खाता</td><td>८३५२६९३१०</td><td>०</td><td>८३५२६९३१०</td><td></td></tr>
<tr><td>ग ७ २ प्रकोप व्यवस्थापन कोष खाता</td><td></td><td></td><td></td><td>३३७०४९८</td></tr>
<tr><td>ग ५ १ विविध कोष खाता</td><td></td><td></td><td></td><td>३०१७०६७६</td></tr>
<tr><td>जम्मा</td><td>८८८६४५४२१</td><td>०</td><td>८६६०१३४९९</td><td>३३५४११७४</td></tr>
</table>
उपर्युक्त कैफियतका कारण पालिकाको प्राप्ति तथा भुक्तानि हिसाव यथार्थ देखिएको छैन ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>उल्लेखित आर्थिक कारोवारको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) को सूचना प्रविधिमा आधारित स्वीकृत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरण, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीसँग छलफल गरी कायम भएका व्यहोरा निम्नानुसार रहेका छन्:</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आर्थिक सहायता र विविध खर्च :</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td>२०७९-८-२५</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम पालिकाले आफ्नो क्षेत्र भित्र कार्य गर्ने आवश्यक पर्ने ऐन नियम निर्देशिका कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्नु पर्ने व्यस्था छ । तर पालिकाले आर्थिक सहायता सहायता सम्बन्धि कार्यविधि नबनाई बिल भरपाइको आधारमा स्थानीय उद्धार राहत तथा पुनः स्थापना, बिपन्न वर्गलाई औषधि अपचार लगायतका कार्यमा आर्थिक सहायता उपलब्ध गराई रु. १६,२८,०००.०० खर्च गरेको छ । यसरी खर्चको बिल भरपाई राखि बिभिन्न मितिको निर्णय अनुसार आर्थिक सहायता वितरण गरेको छ । कार्यविधिबाट व्यवस्थित नभएका खर्च नियन्त्रण गर्ने सम्वन्धा आवस्यक व्यवस्था गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td>२०७९-</td><td>सुर्यविनायक नगरपालिका नगर सभाले नगर भित्रको फोहोर व्यवस्थापन गर्ने प्रयोजनको लागि मिति २०७७।१२।१६</td><td>२१४,१३७</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | ९-६ | नेप्सेम्याक प्रा.लि. सगँ सम्झौता गरी व्यवस्थापन गरेको पाइयो । यसका साथै नगरपालिकाले सरसफाइ अभियन्ता भनि मदन घिमिरेलाइ बर्ष भरि रु. २,१४,१३७.०० भुक्तानी गरेको पाइयो । एकै प्रकृतिको खर्च दोहोरो हुनेगरी भुक्तानी गरेको नियमित देखिन आएन । रु. | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** | |
| ५.१ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ माआन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था रहेको छ । आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानूनमा समेत उक्त व्यवस्था उल्लेख छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहबाट गरिने कार्यका सम्वन्धमा सम्पमदनगरिने कार्य नियमित, मितव्ययी प्रभावकारी र दक्षतापुर्ण रुपमा सम्पादन गर्नुपर्ने प्रणालीको नगर प्रमुख, जिल्ला समन्वय समिति प्रमुख वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था रहेकोमा पालिकाले आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्थापन गर्न सकेको देखिएन ।<br>• स्थानीयसरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने व्वस्था रहेकोमा पालिकाले विगतमा तथ्याङ्क तयार गरेको भएपनि अवधि यकिन गरी अध्यावधिक गरेको पाइएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको सुत्र सफ्टवयरले जेनेरेट गरे अनुसारकोवार्षिक प्रतिवेदन प्रदेश लेखा इकाई कार्यालयमा पठाउने गरेपनि सो सम्वन्धमा भएका थप प्रगतिका सम्वन्धमा लेखाङ्कन गरेको पाइएन ।<br>• पालिकाले भुक्तानी अभिलेखका आधारमा सुत्र सफ्टवेयरमा कार्यक्रमगत तथा योजनागत खाता राखेको जनाएपनिबहुबर्षिय योजना स्वीकृत गरी अभिलेखिकरण गरेको देखिएन ।<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसको उपयुक्त व्यवस्थापन गरेको देखिएन ।<br>• पालिकाले जिन्सी सामानकोविवरण तयार गरी सहायक जिन्सी खाता राखेको जानएपनि वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेखमूल जिन्सी खातामा अध्यावधिक गरेको देखिएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्ने उल्लेख गरेकोमा सुझाव कार्यान्वयन | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरेको देखिएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन ।<br>• योजना व्यवस्थापनमा सकारात्मक प्रभाव कायम गर्ने गरी वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरेको देखिएन ।<br>• नगदी रसिद नियन्त्रण र निक्यौंल गर्न प्रणाली व्यवस्थापन गरेपनि थप सुधार गरेको देखिएन ।<br>• अधुरा आयोजनाको समिक्षागरी उपलव्धि मापन गरेको देखिएन । यसबाटअधुरा आयोजनाको कार्यान्वयनमा दिशानिर्देश हुन सकेको देखिएन ।<br>• भ्रमण खर्च नियमावली,२०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग अवधिभरी र फिल्ड भत्ता बैठक भत्ता तालिम भत्ता स्थानीय भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता बैठक भत्ता तालिम भत्ता स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रावधान छ ।कर्मचारीलाइ दैनिक भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरेको देखिएन कार्यालयबाटै छानविन गरी दैनिक भत्ता उपभोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नु पर्दछ। | |
| ५.२ | | | आम्दानी खर्च लेखाङ्कन तथा वित्तिय विवरण तयारी लगायत कार्यालयको प्रत्यक तहमा प्रयोग हुने कार्य अभिलेखिकरण गर्न महालेखापरीक्षकको कार्यालयले स्वीकृत गरे अनुसारका म. ले. प. फारामहरु प्रयोग गर्नुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणबाट उठेका बेरुजुको अभिलेखिकरण गरी बेरुजु लगत राख्नुपर्दछ । पालिकाले केही म ले प फारमहरु राखेपनि अद्यावधिक गरेको देखिएन ।<br>• म. ले. प. फाराम ८०१ — बेरुजु लगत राखेको देखिएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन तयार गरेको छैन ।<br>• म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत तयार गरेको पाइएन ।<br>• म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन तयार गरेको छैन ।<br>• म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख तयार गरेको छैन ।<br>• म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन तयार गरेको छैन ।<br>म. ले. प. फाराम अद्यावधिक नहुदा वेरुजुको वास्तविक अवश्था यकिन नहुने हुँदा नियमानुसार सुधार गर्दै जानु पर्दछ । | |
| ५.३ | | | सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।<br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्वा उठाउन प्रयोग गरेको रावस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक सँस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्ने गरि सम्झैता गरेको देखियो । यसबाट नगरपालीकाको आन्तरिक आय लेखाङ्कनका सम्वन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन । पालिकाले सँकलन केन्द्र बाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ । प्रणाली व्यवस्थापनमा समेत नगरपालिकाको पहुँच हुन्गरी सुधार गर्नु पर्दछ ।<br>• सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन गर्दा सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार गरी म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम प्रयोगककर्ता, नियन्त्रणकर्ता लगायतको अभिलेख कायम हुनेगरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन ।<br>• सफ्टवेयरम्यानुअलमा तोकिए अनुसार सेक्युरी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्वन्धमा जोखिम भई अभिलेख भएकोआम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ ।<br>• फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था हुनुपर्ने अशल अभ्यास रहेको छ । पालिकाले यस सम्वन्धमा छुट्टै गरी भरपर्दो व्यवस्था गरेको प्रमाण पेश गरेको छैन । सिगास वा सुत्र जस्ता एकभन्दा बढी कार्यालयमा प्रयोग हुने सफ्टवेयरका सम्बन्धमा सेवा सञ्चालक निकयलेनै नियन्त्रण गर्ने र पालिकले सञ्चालन मात्र | |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्ने गरेको नकारी दिएको छ । भरपर्दो वैकल्पिक व्यवस्था सुनिश्चित गर्नुपर्दछ । | |
| ५.४ | | | म.ले.प फाराममले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दति अवलम्बन गर्नुपर्नेमा ती पद्दतिहरुमा सुधार गर्नुपर्ने व्यहोराहरु देखिएका छन् ।<br>• पालिकाले सवारी साधन मर्मत, ईन्धन खपतको अवस्था जस्त व्यहोरा खुल्नेगरी म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नुपर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेको देखिएपनि समय क्रम अनुसारको अभिलेक दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ ।<br>• पालिकाले सावारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकले पालिकाले सावारी साधन तथा मेशिनरी मर्मतमा यस वर्ष पूजीगत सम्पत्ति शिर्षबाट खर्च गरेको वित्तिय विवरणबाट देखिन्छ । सवै किसिमको मर्मतको अवश्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन । यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । यस्तो अशर उत्पन्न नहुने गरी सुधार गर्नुपर्दछ । | |
| ५.५ | | | भ्रमण खर्च नियमावली, २०६४ मा कर्मचारी भ्रमणको अभिलेख अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । यस कार्यको आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरेको छ । भ्रमण खर्च नियमावली, २०६४ मा कार्यलायबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागिम. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष अनुगमन तथा भ्रमण कार्यमा खर्च गरेको वित्तिय विवरणबाट देखिन्छ । विभिन्न कर्मचारीले विभिन्न स्थानमाभ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमण अभिलेख राखेको छैन। साथै तेरिज तयार नगरि एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता जस्ता खर्च एकमुष्ट रुपमा लेखि भ्रमण प्रतिबेदन संलग्न नगरी भुक्तानी गरेको छ। यसबाट अनुगमन तथा मुल्याँकन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन । उक्त खर्च गर्दा भ्रमण गर्ने व्यक्तिको स्पष्ट व्यहोरा देखिने गरि अभिलेख राखेको छैन । यसबाट आर्थिक वर्षको अन्तमा कर्मचारी भ्रमण अवस्थाको मुल्याङ्कन गर्न सक्ने देखिएन । साथै भ्रमणबाट निर्धारित उदेश्य प्राप्त भए नभएको साथै खर्च प्रभावकारी भए नभएको परीक्षण गर्न सकिएन । पालिकाले भ्रमण अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ । | |
| ६ | | २०७९-८-२५ | **विद्यालय निकासा :**<br>नगरपालिकाले मातहतका विद्यालयलाई भवन निर्माण, दिवा खाजा जस्ता विभिन्न क्षेत्रमा रकम निकाशा गर्दै आएको छ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | उक्त रकम विद्यालयको हिसावमा लेखाङ्कन भएको र प्रचलित कानुन तथा प्रकृया पुरा गरी खर्च गरेको सम्वन्धमा आश्वस्तता प्रदान गर्न नगरपालिका मातहतका विद्यालयले समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। नगरपालिका अन्तर्गत ३२ सामुदायिक विद्यालयहरु रहेकोमा सबै विद्यालयले आ.ब.२०७८।७९ को लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको देखिएन । पालिकाले दिएको निकासा र अनुदान समेत समावेस गरी विधालयले वित्तिय विवरण तयार गरेको एकिन गर्नु पर्दछ । | |
| ७ | | | **सिप विकास तालिम :**<br>महिला, बालबालिका, दलित, तथा जनजातिलाई सचेतनामूलक तथा सीप सिकाउने जस्ता कार्यक्रम कार्यान्वयन गर्न गैर सरकारी संस्थासँग सम्झौता गर्ने गरेको पाइयो । गत विगत वर्षहरुमा समेत यस प्रकारका तालिम हुने गरेका अभिलेखबाट देखिन्छ । तालिम कार्यक्रमको अद्यावधिक अभिलेख कायम नगरेको, लाभग्राहीको छनौट पारदर्शी नभएको, एउटै प्रशिक्षकले दैनिक पूरै कक्षा सञ्चालन गरेको, कार्य सञ्चालन निर्देशिका, २०७५ ले तोकेभन्दा बढी प्रशिक्षक भत्ता र खाना तथा खाजा खर्च गरेको जस्ता कारण तालिममा निर्देशिकाले नर्धारण गरे भन्दा फरक किसिमले खर्च हुने गरेको छ । नगरपालिका बजेट विनियोजन गर्दा देखिनै प्रतिफल दिने किसिमको कार्यक्रम छनौट गरी आय आर्जन र सीपमूलक कार्यमा लगानी गर्नुपर्ने देखिन्छ । उपर्युक्त विधिको पुर्ण पालना नगरी भौ नं ४३६।२०७८।१२।१४ बाट किशोर किशोरी मनोपरामर्श तथा जीवन उपयोगी तालिम कार्यक्रम सञ्चालन गरी रु. ४,००,०००.०० खर्च भएकोमा उदेश्य अनुरुप खर्च भएको र निर्धारित विधि तथा प्रकृया पालना भएको यकिन हुन आएन । यस प्रकारका खर्च सभाको जानकारीमा ल्याई नियमित गर्नुपर्ने देखिन्छ। रु... | |
| ८ | | २०७९-९-६ | **सामग्री खरिद :**<br>***✂.........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९/१२/२३ को निर्णयबाट रु.९,९९,६६०/- सम्परीक्षण गरिएको ।)*** | ० |
| ९ | | २०७९-९-६ | **बैठक भत्ता :**<br>***✂.........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०७९/१२/२३ को निर्णयबाट रु.६८,०००/- सम्परीक्षण गरिएको ।)*** | ० |
| १० | | | **ल्याव तथा प्रयोगशाला अनुदान :**<br>विद्यालय क्षेत्र सुधार कार्यत्रम कार्यान्वयन पुस्तिका आ.व. २०७८/२०७९ को कृयाकलापनं २.१५.११.७८८ मा व्यवस्था गरे अनुसार स्थानीय निकायले पुस्तकालय नभएका विद्यालयहरुलाई ।CT ल्याव, विज्ञान प्रयोगशाला अनुदान | २,६००,००० |

<table>
<tr><td></td><td></td><td></td><td>दिएकोमा निम्न विद्यालयहरुको विल भरपाइ पेश गरेको पाइएन । तोकिएको मापदण्ड अनुसार कार्यान्वयन भएको मूल्याङ्कन गरी भरपाइ पेश हुनुमपर्ने रु–
<table>
<tr><th>गोश्वार भौचर र मिति</th><th>विद्यालयको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>भौंनं २२६/२०७९।३।०६</td><td>भुवनेश्वरी मा. वि.</td><td>६५००००.००</td><td></td></tr>
<tr><td>भौंनं २२६/२०७९।३।०६</td><td>सोमलंगेश्वर आ. वि.</td><td>६५००००.००</td><td></td></tr>
<tr><td>भौंनं २२६/२०७९।३।०६</td><td>श्री बालबिनायक आ.वि.</td><td>६५००००.००</td><td></td></tr>
<tr><td>भौंनं २२६/२०७९।३।०६</td><td>श्री ज्योती मा.वि.</td><td>६५००००.००</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२६०००००.००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>सेवा सर्त तथा सुविधा :</td><td></td></tr>
<tr><td>११.१</td><td></td><td></td><td>करारका कर्मचारीको नपाउने सुविधाःस्थानीय तहका कर्मचारी सेवा सर्त तथा सुविधा सम्बन्धी कानुन निर्माण गरेर मात्र कर्मचारीको सेवा सुविधा दिन पाइने व्यवस्था रहेको छ । भौ नं ७५ मिति २०७८।६।५ बाट करार सेवाका कर्मचरीको महंगीभत्ता भुक्तानी गरेको देखियो । यस सम्वन्धमा उपयुक्ता कानुनी व्यवस्था गरेको देखिएन । बिभिन्न तहका कर्मचारी वर्षभरि ९० जनाको महंगीभत्ता रु. २१,६०,०००.०० भुक्तानी गरेको छ । नगरपालिकालाई दीर्घकालिन दायित्व पर्ने खर्च गर्दा पर्याप्त कानुनी ताथ प्रकृयागत व्यवस्था गरी दीगो हुनेगरी खर्च लेखाङ्कन गर्नु पर्दछ । स्पष्ट कानुनी व्यवस्था नगरी वर्षभरिको भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु....</td><td>२,१६०,०००</td></tr>
<tr><td>११.२</td><td></td><td></td><td>बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकरी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ संसोधन समेत यस प्रदेसमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले सल्लाहाकार राख्न पाउने व्यस्थापन गरेको छैन। त्यसै गरी स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपुर्ती गर्न नहुने उल्लेख छ । पालिकाले रु. ६,००,००० खर्च हुने गरी शाखा अधिकृत वा सो सरह हुने गरी कानुनी सल्लाहकार नियुक्ति गरेकोमा उपयुक्त देखिन आएन । यस सम्वन्धमा स्पष्टता कायम हुनेगरी व्यवस्थापन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>११.३</td><td></td><td>२०७९-९-६</td><td>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने र दफा ८६ (२) मा अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । बाग्मती प्रदेशका स्थानीयतहका पदाधिकारी सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संसोधन) मा चाडपर्व खर्चका सम्वन्धमा स्पष्ट नभएकोमा भौचर नं १२४।२०७८।०६।१७ बाट जनप्रतिनिधिलाई चाडवर्व खर्च भुक्तानी गरेको पाइयो । उक्त भुक्तानी व्यवस्थाका सम्वन्धमा पालिकाले पुनर्वनिर्णय गर्नुपर्ने</td><td>५३७,०७५</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>देखिन्छ । रु...</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>अवण्डा राखी खर्च :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले २०७८ आषाढ ९ र १० को नगर सभाको बैठकबाट स्वीकृत भएको कार्यक्रमको पूजिगत तर्फ विविध भैपरी, क्रमागत योजनाहरु, नगरस्तरिय विभिन्न पूर्वाधार निर्माण, शसर्त विविध कार्यक्रम जस्ता शिर्षकमा योजना उल्लेख नगरी एकमुष्ट अवण्डा बजेट कायम गरी नीति तथा कार्यक्रम तथा राजस्व र व्ययको अनुमान स्वीकृत गरेको पाइयो । कार्यक्रममा समावेश नगरी विभिन्न शिर्षकमा अवण्डा राखेको नियमित देखिन आएन । अवण्डा रकम व्यवस्थापन गर्न फरक फरक समयमा नगर कार्यपालिका बैठकबाट सुविस्ताका आधारमा छनौट भएका योजना स्वीकृत गरि वजेट व्यवस्था गरेको छ । अवण्डा तथा अन्य बजेट शिर्षकबाट रकमान्तर समेत गरी यस आ.ब. मा देहाय अनुसार रु.२५,०००.०० देखि रु. २,५०,००,०००.००सम्मका ४१६ योजनामा रु. ५९,४२,०६,८४८.०० विनियोजन गरी खर्च गरेको छ । शूरु योजानमा समावेश नगरी सुविधाका आधारमा योजना थप गर्ने परिपाटीमा सुधार गरी वित्तिय अनुशासन पालना गर्नु पर्दछ ।
<table>
<tr><th rowspan="2">बैठक क्रमसंख्या</th><th rowspan="2">निर्णय नं.</th><th rowspan="2">योजना संख्या</th><th colspan="2">बजेट सिमा</th><th rowspan="2">स्वीकृत योजना रु.</th></tr>
<tr><th>देखि</th><th>सम्म</th></tr>
<tr><td>१११</td><td>३</td><td>८</td><td>२५०००</td><td>२००००००००</td><td>२८४५००००</td></tr>
<tr><td>१११</td><td>१</td><td>१९</td><td>२००००</td><td>१००००००</td><td>६८३९०८०</td></tr>
<tr><td>११२</td><td>१</td><td>२५</td><td>२००००</td><td>१००००००</td><td>१०१४९०००</td></tr>
<tr><td>११२</td><td>४</td><td>३</td><td>१००००</td><td>२५०००</td><td>५००००</td></tr>
<tr><td>११३</td><td>१</td><td>२</td><td>५००००००</td><td>२५००००००</td><td>३००००००००</td></tr>
<tr><td>११३</td><td>२</td><td>१६७</td><td>५००००</td><td>५००००००</td><td>१०८६९५०००</td></tr>
<tr><td>११३</td><td>३</td><td>१६</td><td>५००००</td><td>१००००००</td><td>२३००००००</td></tr>
<tr><td>११४</td><td>१</td><td>२०</td><td>१००००</td><td>१५०००००</td><td>१३८९९०००</td></tr>
<tr><td>११५</td><td>१</td><td>८</td><td>२००००</td><td>१५०००००</td><td>११०२००००</td></tr>
<tr><td>११५</td><td>५</td><td>५९</td><td>१००००</td><td>४००००००</td><td>३०५८५०००</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ११५ | ६ | २८ | ५००००० | २०००००० | १८७८०००० |
| ११५ | ७ | २८ | ५०००० | १०००००० | १५५५०००० |
| ११६ | ७ | २ | ५००००० | ५००००० | १०००००० |
| ११८ | १ | २७ | १४९००० | २८००००० | २९३७०९७६८ |
| ११८ | १ | ४ | ४००००० | ९००००० | २४८०००० |
| | **जम्मा** | **४१६** | | | **५९४२०६८४८** |

१३

**अस्पताल समाग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिश्पर्धा सिमित हुनेगरी टुक्रा गरी खरिद गर्ने नहुने र दफा ११ मा बोलपत्रको प्रकृया पुरा गरी खरिद गर्नुपर्ने सम्वन्धि व्यवस्था छ । नगरपालिका अन्तर्गतको सूर्यविनायक नगर अस्पतालका लागि विभिन्न समयमा गरी देहायमा उल्लेख भए अनुसार १९ पटकमा रु. ३,३४,०३,८४८.०० को औषधिजन्य, सर्जिकल तथा अन्य प्रकारका सामान विभिन्न सप्लायर्श तथा आपूर्तिकर्ताबाट प्राप्त गरी भुक्तानी गरेको पाइयो । वार्षक बजेटमा समावेश भएका कार्यक्रममा खर्च गर्दा खरिद योजना तयार गरी प्रतिश्पर्धि विधि मार्फत खरिद गर्नुपर्नेमा सुविस्ताका आधारमा विभिन्न समयमा टुक्रा गरी खरिद तथा भुक्तानी गरेको उपयुक्त देखिन आएन । वार्षिक बजेटबाट अनुमानयोग्य खरिद गर्दा खरिद योजनामा समावेश गरी सोही बमोजिम निर्धारित विधिबाट प्रतिस्पर्धि खरिद गर्नुपर्ने देखिन्छ ।

| क्र.सं. | गो.भौ.नं | मिति | विवरण | आपूर्तिकर्ता | भुक्तानी रु. |
|---|---|---|---|---|---|
| १ | ११०८ | ०७९।१।४ | एक्सरे मेशिन लगायतका मेसिनरी औजार | मिलन ट्रेड हाउस | २४६००१० |
| २ | १२१० | ०७९।१।२१ | अटोक्लेभ लगायतका मेसिनरी औजार | मेडिहेल्थ सर्जिकल प्रा लि | ४९०५७५ |
| ३ | १२११ | ०७९।१।२१ | सिरिन्ज कटर लगायतका मेसिनरी औजार | लापा सर्जिमेड प्रा लि | ४९५३९२ |
| ४ | १२५८ | ०७९।२।६ | लिड सिट लगायतका सामाग्री | नखुल्ने | १३२२१० |
| ५ | १२५९ | ०७९।२।१ | लिड सिट लगायतका सामाग्री | नखुल्ने | २८२५०० |
| ६ | १२४८ | ०७९।२।४ | मोनिटर, एक्सरे लगायतका सामाग्री | नेपाल ट्रेड लिंक | १९१६४० |
| ७ | ३३ | ०७९।२।१९ | अस्पतालका लागि सामान | मेडिकल सोलुसन प्रा लि | २४०५८०० |
| ८ | ७५१ | ०७८।११।८ | वासिङ्ग मेसिन लगायतका सामान | स्टार डिजिटल इन्टरप्राइजेज | ९१५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | ९१७ | ०७८।१२।८ | अस्पताल पार्टेशन | आर वि आल्मुनियम फेब्रिकेशन | ९९२२४ |
| १० | ९५४ | ०७८।१२।११ | अस्पतालका लागि फर्निचर | ललित मेटल वेल्डिङ्ग वर्क | ३९२३९२ |
| ११ | ९६४ | ०७८।१२।१४ | रेफ्रिजेरेटर लगायतका सामान | ओम सर्जिकल कन्सर्न प्रा लि | २२६००० |
| १२ | ९८५ | ०७८।१२।१७ | थ्रिडी होर्डिङ्ग वोर्ड | सूर्य प्रिन्टिङ्ग सपोर्ट प्रा लि | ३६३७४७ |
| १३ | १०६९ | ०७८।१२।२९ | मेसिनरी औजार | अपि आइ टि इन्टरप्राइजेज | ३३५००० |
| १४ | १०७० | ०७८।१२।२९ | ल्यापटप लगायत सामान | स्वरुप आई टि हव | २२८००० |
| १५ | ३३ | ०७९।२।२९ | आइ सि यु वेड तथा साइड मोनिटर आदि | द मेडिकल सोलुशन प्रा लि | २४०५८०० |
| १६ | ३४ | ०७९।२।३१ | इन्फ्यूजन पम्प | भिम सर्जिक कन्सर्न प्रा लि | १२४०५८०० |
| १७ | ३५ | ०७९।२।३१ | डि आर सिस्टम कम्प्यूटर सेट | शिभम् ट्रेडिङ्ग कन्सर्न | १७९९९९८ |
| १८ | ३७ | ०७९।३।६ | भेन्टिलेटर आदी | विकास सर्जिकल कन्शर्न | ३०५५६१० |
| १९ | ४४ | ०७९।३।२२ | मोवाइल ओटी लाइट | लुम्विनि हेल्थकेयर प्रा लि | ५५४२६५० |
| | | | | **जम्मा** | **३३४०३८४८** |

अस्पतालका लागि विभिन्न स साना प्याकेज बनाई कार्य गराई खर्च लेखेकोमा २०७९।१।४ मा १५ बेड क्षमताको नगरपालिका अस्पताल भवन निर्माणको विस्तृत परीयोजना प्रतिवेदन तयार गर्न विभिन्न परामर्शदातालाई पत्राचार गरी ३ परामर्शदाताको प्रश्ताव प्राप्त गरेको पाइयो । उक्त प्रस्ताव मध्ये नियात्रा कन्सल्ट प्रा.लि. कुपण्डोलको प्रस्ताव स्वीकृत गरी गो भौ नं ३।०७९।३।२३ बाट रु. १९,२१,०००.०० भुक्तानी गरेको पाइयो । आषाढको अन्तिम हप्ता प्रतिवेन प्राप्त गरी भुक्तानी गरेकोमा प्रतिवेदन कार्यान्वयनमा आएको देखिएन ।

१४ **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्रको सूचना प्रकाशित गरी स्वीकृत भएको ठेक्कामा वोलपत्रदाताले लागत अनुमानको तुलनामा १८ प्रतिशत देखि ६१ प्रतिशत सम्म घटिमा काम गर्ने गरी ठेक्का कवुल गरेको देखिन्छ ।उदाहरणका लागि केही ठेक्काका विवरण देहायमा उल्लेख छ ।लागत अनुमानको तुलनामा धेरै प्रतिशत घटिमा काम गर्ने गरी गराएको कार्यमा सामाग्रीको निर्धारित

गुणस्तर र परीमाणमा कार्य भएको सम्वन्धमा यकिन हुने देखिएन । पालिकामा उपभोक्ता समिति, दरभाउपत्र तथा वोलपत्रको माध्यमबाट समेत धेरै संख्यामा निर्माण कार्य हुने र अनुगमन, निरिक्षण र गुणस्तर निर्धाण गर्न प्राविधिकको संख्या सिमित भएको देखिन्छ । यसबाट निर्माण कार्य निर्धारित गुणस्तर र परिमाणमा भएको यकिन गर्न सक्ने देखिएन। यस्तो व्यवहारमा सुधार गर्ने गरी ठेक्का व्यवस्था गर्नुपर्दछ ।

| सि नं | ठेक्का नं | कामको विवरण | निर्माण व्यवसायीको नाम | लागत अनुमान | सम्झौता | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | sm.०१.०७८.०७९.०१ | मिलनचोक विष्टगाउँ धन्सार सडक | राज कन्स्ट्रक्शन | १७६६७२६८ | ९२४२२७६० | ४८ |
| २ | sm.०१.०७८.०७९.०२ | दर्शन ढुंगा कार्कि गाउँ सडक | इन्द्र निर्माण सेवा | ११३८६९३१ | ४७९७४४६ | ५८ |
| ३ | sm.०१.०७८.०७९.०३ | हेल्थपोष्ट देउजा गाउँ सडक | ओम दुर्गेश्वरी महादेव | ३५६५०३४ | १८६४९८६ | ४८ |
| ४ | sm.०१.०७८.०७९.०४ | चौतारा तीनसय फाँट सडक | इन्द्र निर्माण सेवा | १३७४५५२६ | ५२९२२९० | ६१ |
| ५ | sm.०१.०७८.०७९.०५ | दोर्लाड डोलेश्वर सडक | एस पि वर्षा पँच जे भि | १७१६०२०१ | ९४५०५८९ | ४५ |
| ६ | sm.०१.०७८.०७९.०६ | सडक स्तरोन्नती ८ | दि ग्रेड कन्स्ट्रक्शन | १६०९९७९४ | ७२५३७५० | ५५ |
| ७ | sm.०१.०७८.०७९.०७ | साम्लेपाटी तीनधारा सडक | पलाञ्चोक कन्स्ट्रक्शन | १२९७३२९१ | ६४४४३१९ | ५० |
| ८ | sm.०१.०७८.०७९.०८ | कातिवुं प्राणी उध्धान सडक | गाईखूरेश्वर कूशादेवी | ३४११०७२ | १४८१७०७ | ५७ |
| ९ | sm.०१.०७८.०७९.०९ | पाकाण्डोल तर्खगाल सडक | गाईखूरेश्वर कूशादेवी | ४३५३९७० | १६५१४३० | ६२ |
| १० | sm.०२.०७८.०७९. | सडक वत्ति जडान | ब्राईट सन कम्पनी | ८८४९२२८ | ४०७०९८० | ५४ |
| ११ | sm.०३.०७८.०७९.०१ | साविक गूण्डू भैरव मन्दिर सडक | कालिभुमे निर्माण सेवा | १७१६५९५० | ८१८६७३० | ५२ |
| १२ | sm.०३.०७८.०७९.०२ | राम जानकी सडक | कालिभुमे निर्माण सेवा | १२१९६०४३ | ७५३९४०५ | ३८ |
| १३ | sm.०३.०७८.०७९.०३ | सूर्यमोड झोलुङ्गेपुर पूर्वाधार विकास | कागेश्वरी मनोहरा | २०५२०८२ | १५४५६७२ | २५ |
| १४ | sm.०३.०७८.०७९.०४ | सामूदायिक स्वास्थ्य भवन | चित्रपूर गणेश | ८३१६१३४ | ४७१०१७३ | ४३ |
| १५ | sm.०३.०७८.०७९.०५ | भंगाल खानेपानी योजना | रुक्मणी ई भक्तपुर | १३२७३०६५ | ८०८२४६० | ३९ |
| १६ | sm.०४.०७८.०७९.०१ | साविक गूण्डू भैरव मन्दिर सडक | प्रिश्किला कन्स्ट्रक्शन | १५०३५९१९ | ६६२९४१८ | ५६ |
| १७ | sm.०४.०७८.०७९.०२ | तिनधारा गुण्डू सडक सडक | वि एस पि निर्माण | ४३३२७६९ | १४९२५३५ | ५७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सेवा | | | |
| १८ | sm.०४.०७८.०७९.०३ | खड्का गाँउ भंगाल सडक | प्रिश्किला कन्स्ट्रक्शन | ११८५१६८७ | ५०३८९९० | ५७ |
| १९ | sm.०४.०७८.०७९.०४ | घट्टेखोला खानेपानी सडक | एच आर वि भक्तपुर | ४७२४५४२ | ३०५७६०० | ३५ |
| २० | sm.०४.०७८.०७९.०५ | दोर्लाड डोलेश्वर सडक | बि एस पि निर्माण सेवा | ११३९०६६२ | ४४०४९६० | ६१ |
| २१ | sm.०४.०७८.०७९.०६ | पलासे डोलेश्वर सडक | बि एस पि निर्माण सेवा | ५६९३०५३ | ३७२२३७६ | ३५ |
| २२ | sm.०४.०७८.०७९.०७ | पलासे पाखागाउँ सडक | प्रिश्किला कन्स्ट्रक्शन | ६०११६२० | २६७०५८६ | ५६ |
| २३ | sm.०४.०७८.०७९.०८ | वालशिक्षा सदन बुढागाए सडक | हिमचुली निर्माण सेवा | ८९९६५३१ | ४५७५३९० | ४९ |
| २४ | sm.०४.०७८.०७९.०९ | अलतारा त्रिपुरा सडक | हिमचुली निर्माण सेवा | ८१७१०२५ | ५२५५९३० | ३६ |
| २५ | sm.०४.०७८.०७९.१० | वडा ५ सडक स्तरोन्नति | उदय एमजि कम्पनी | १५१११३३५ | ६२३५४८३ | ५९ |
| २६ | sm.०५.०७८.०७९.०१ | मिलनचोक विष्टगाउँ धन्सार सडक | हिमचुली निर्माण सेवा | ५८५९२०७ | ३२८२०३८ | ४४ |
| २७ | sm.०५.०७८.०७९.०२ | वडा नं २ सडक स्तरोन्नती | कालिभुमे निर्माण सेवा | १०५३५८५८ | ५२०८६०८ | ५१ |
| २८ | sm.०५.०७८.०७९.०३ | सूवर्णचोक पिपलवोट सडक | धनूषाधाम निर्माण सेवा | ४१५३५६० | १८८२९९८ | ५५ |
| २९ | sm.०७.०७८.०७९.०१ | दोवाटो मगरगाउँ | हिमचुली निर्माण सेवा | ५३१०८१६ | ३८८५८०० | २७ |
| ३० | sm.०७.०७८.०७९.०२ | दर्शन शूसिला भैरव सडक | हिमचुली निर्माण सेवा | ५३२१४६७ | ४३८४२५० | १८ |
| ३१ | sm.०८.०७८.०७९.०१ | अनन्तविनायक सिकारिटार सडक | धनूषाधाम निर्माण सेवा | १७६७७६० | ११९३७९६ | ३३ |

१५

**सोझौ खरिद :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम नियम ८५ मा रु. ५ लाख सम्मको निर्माण कार्य तथा मालसामान, रु. २० लाख सम्मको औषधिजन्य मालसामान र रु. १५ लाख सम्मको नेपालमा उत्पादित मालसामान सोझौ खरिद गर्न सक्ने व्यवस्था छ । कार्यालयले नियमावलीको सुविधा उपयोग गर्ने मनसायबाट देहाय अनुसारको फर्निचर, स्टेशनरी, प्रिन्टर, कम्प्युटर जस्ता सामान तथा निर्माण कार्य स साना टुक्रा बनाई सोही ऐनको दफा ८(२) अनुकुल नहुने गरी टुक्रा गरी खरिद गरेको तथा कार्य गराएको छ । सुविधाका आधारमा ऐनको प्रयोग हुनेगरी कार्य गरेको उपयुक्त देखिन आएन । समान किसिमका कार्य एकै प्याकेजमा समावेश गरी प्रतिशपर्धि विधिबाट खरिद गर्नुपर्दछ ।

| क सं | खरिद पटक | फर्मको नाम | भुक्तानी रु. |
|---|---|---|---|
| १ | ३ | सूर्य प्रिन्टिङ्ग सपोर्ट | ३९८०८१ |
| २ | ४ | सक्सेज विजिनेश ट्रेड लिंक | ३२२१६१ |
| ३ | ४ | सेविका इन्टरप्राइजेज | ३६७९७९ |
| ४ | ७ | माइक्रो इन्जिनियरिङ्ग | ९६२५०७ |
| ५ | ४ | मध्यपुर प्रिन्ट शोलुशन | ६३०८२७ |
| ६ | ९ | न्यू विद्या प्रिन्टिङ्ग प्रेश | ९९८८६३ |
| ७ | ७ | पून्यश्री विद्या सप्लायर्श | ७८४५५० |
| ८ | ५ | विनायक प्रिन्टिङ्ग प्रेश | १९८६७९० |
| ९ | ४ | शूभम इन्टेरियर | ५२१८४२ |
| | | **जम्मा** | **६९७३६००** |

१६

**औद्योगिक ग्राम :**

ओद्योगिक ग्राम घोषणा सम्वन्धि कार्यविधि अनुसार उद्योग विभाग र नगरपालिका बीचको सम्झौता अनुसार २०७८ श्रावण ३ को ११० औं बैठकबाट विस्तृत परीयोजना प्रतिवेदन तयार गर्न बजेट विनियोजन भएको पाइयो । यसै अनुरुप नगरपालिकाको वडा नं ७ गुण्डुमा औद्योगिक ग्राम निर्माणको विस्तृत परीयोजना प्रतिवेदन तयार गराई इन्टरफेस इन्जिनियरिङ्ग प्रा. लि. लाई २०७९।३।२५ मा पर्खाल लगाउने तथा जग्गा सम्याउने शिर्षकबाट रु. १९,४९,२५०.०० भुक्तानी भएको छ । प्रस्तावित क्षेत्रको विस्तृत सर्वेक्षण गर्ने, साविकमा रहेका संरचना र सेवाको सर्वेक्षण गर्ने, वेस म्याप तयार गर्ने, ग्राम क्षेत्रको जमिन उपयोगको अवस्थाको विश्लेषण गर्ने, प्रस्तावित भौतिक संरचनाको नप नक्सा तथा डिजाइन सहितको खाका तयार गर्ने, फेजवाइज विकास योजना तयार गर्ने साथै सामाजिक तथा आर्थिक र वित्तिय विश्लेषण गरी प्रतिवेदन गर्ने गरी विस्तृत अध्ययन प्रतिवेदन तयार गर्ने कार्य सूची स्वीकृत गरी सम्झौता भए अनुसार ढिलो गरी परियोजना प्रतिवेदन तयार गरी आषाढको अन्तिम हप्ता भुक्तानी भएको पाइयो । प्रतिवेदनले डिस्प्ले स्पेश, पार्किङ्ग ग्रेडिङ्ग तथा भेजिटेशन, फ्लावर वेड स्पेश, तथा अन्य संरचना निर्माण सहितको खाका प्रस्तुत गरेकोमा परामर्शदातालाई भुक्तानी पछि प्रस्तावित योजनामा आर्थिक वर्षको आठ महिना व्यतित भइसक्दा समेत थप प्रगति भएको पाइएन । कार्यान्वयनमा नजाने क्षेत्रमा विस्तृत परियोजना प्रतिवेदन तयार गरी खर्च गरेको उपयुक्त देखिन आएन । योजनाको निर्माण सम्भाव्यताको यकिन गरेर मात्र यस्ता क्षेत्रमा विस्तृत परियोजना प्रतिवेदन तयारीमा खर्च गर्नुपर्ने देखिन्छ ।

<table>
<tr><td>१७</td><td></td><td>२०७९-९-२३</td><td>

**उपभोक्ता समिति मार्फत निर्माण कार्य :**

पालिकाले बोलपत्र मार्फत गराएको कार्यमा ६२ प्रतिशतसम्म घटीमा काम गर्ने गरी प्रस्ताव पेश भए अनुसार सम्झौता गरि कार्यान्वयन भएको देखिन्छ । बोलपत्र प्रतिश्पर्धा मार्फत भएको निर्माण कार्यमा उल्लेख्य प्रतिस्पर्धा भएपनि पालिकाले केही निर्माण योजना उपभोक्ता समित मार्फत लागत अनुमान बराबरकै दरमा गराई भुक्तानी गरेको पाइयो । उदाहारणको लागि सूर्यविनायक नगर अस्पताल निर्माण कार्यका लाग देहाय अनुसार दुई फरक फरक निर्माण प्याकेज तयार गरी एकै उपभोक्ता समिति मार्फत कार्य गराई दुई निर्माण योजनामा भौ नै ९, ८८ र ११९९ बाट गरी रु. १,१३,३०,०००.०० र भौ नं ८९, ५८२, ७९६, ७९४ र ७९८ बाट समेत रु. १,७१,५७,३७९.०० गरी जम्मा रु. २,८४,८७,३७९.०० भुक्तानी गरेको पाइयो । केही निर्माण कार्य बोलपत्र मार्फत गरेपनि केहीमा उपभोक्ता समितिलाई दोहोरो हुनेगरी समेत कार्य गराई भुक्तानी दिंदा बोलपत्रमा नगएका कारण अप्रतिस्पर्धि कार्य गराउदा नगरपालिकाको खर्चमा मितव्ययित कायम भएको देखिएन। निर्माण कार्यमा विशिष्टता हासिल नगरेको उपभोक्ता समिति मार्फत कार्य गराउदा खर्चमा मितव्ययिता कायम नहुनाका साथै निर्माण गुणस्तरमा समेत प्रभाव परेको देखिएकोले यस सम्वन्धमा नगरपालिकाको ध्यान पुग्नुपर्ने देखिन्छ ।

<table>
<tr><th>गो भौ नं</th><th>विवरण</th><th>निर्माणमा संलग्न</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>८८।०७८।६।२२</td><td>नगर स्तरिय विभिन्न कार्यक्रम कार्यान्वयन तथा पूर्वाधार निर्माण</td><td>नगर अस्पताल निर्माण उपभोक्ता समिति</td><td>११३३००००</td></tr>
<tr><td>५८२।०७८।१०।२३</td><td>नगर स्तरिय विभिन्न कार्यक्रम कार्यान्वयन तथा पूर्वाधार निर्माण</td><td>नगर अस्पताल निर्माण उपभोक्ता समिति</td><td>१७१५७३७९</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२८४८७३७९</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>

**नगरपालिका भवन :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा बोलपत्रको स्वीकृति तथा खरिद सम्झौता सम्वन्धि व्यवस्था छ । नगरपालिकाले लागत अनुमान रु. ३५,०३,६५,५५४.०० को नगरपालिका भवन निर्माण गर्न ३०.८६ प्रतिशत घटी रु. २०,४१,५२,३३१.८९ कबोल गर्ने भ्याली बाबुरत्न जे.भि. को बोलपत्र स्वीकृत भई २०७८।९।२५ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको देखियो । निर्माण कार्यको दशौं रनिङ्ग विल सम्म रु. ८,८७,५५,७१२.४० भुक्तानी

</td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
भएको आधारमा निर्माण कार्यको प्रगति ४३ प्रतिशत मात्र भएको देखिन्छ । शुरु सम्झौता अवधिभित्र न्यून प्रगति भएको कार्यमा २०७८।१०।२६ सम्मा म्याद थप भएकोमा थपेको म्याद समाप्त हुँदा समेत प्रगतिको अवस्था सन्तोषजनक देखिएन । निर्माण व्यवसायीले सम्झौता अनुसारको अवधिमा निर्माणकार्य सम्पन्न नगर्दा नगरपालिका भवन भाडामा बस्नु परेका कारण घरभाडा वापत देहाय अनुसार वार्षिक रु. ११,१०,०००.०० गरी तीन वर्षमा रु. ३३,३०,०००.०० अतिरिक्त व्ययभार परेको छ । यस्तो व्ययभार भवन निर्मान भइनसक्दा सम्म क्रमश बढ्दै जानै समेत देखिन्छ ।
<table>
<tr><th>क्र.सं</th><th>विवरण</th><th>भाडा भुक्तानी पाउने</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>१</td><td>नगरपालिका प्रशासनीक भवन</td><td>टंकप्रसाद आचार्य स्मृति प्रतिष्ठान</td><td>८४००००.००</td></tr>
<tr><td>२</td><td>नगरपालिका स्टोर भवन</td><td>मेनुका देवी ढुंगेल</td><td>२७००००.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१११००००.००</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>१९</td>
<td></td>
<td></td>
<td>
वडा कार्यालय भवन :<br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिश्पर्धा सिमित हुनेगरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले वडा १० कार्यालय भवन निर्माण कार्यको एकिकृत लागत अनुमान तयार नगरी फरक फरक टुक्रा बनाई एक प्याकेज उपभोक्ता समिति मार्फत र एक प्याकेज निर्माण व्यवसायी मार्फत गराई जम्मा रु. १,४८,३२,३६५.००भुक्तानी गरेको पाइयो । बोलपत्रको माध्यमबाट निर्माण व्यवसायी मार्फत गरेको कार्य लागत अनुमान रु. २,१८,४७,८७३.००भन्दा ४२.३२ प्रतिशत घटी रु. १२६०२६३१.०० मा सम्झौता भई सोही अनुसार कार्य गरी निर्माण सम्पन्न पश्चात भुक्तानी गरेको छ । उपभोक्ता समिति मार्फत कार्य गराउदा भने लागत अनुमान रु. २२,२९,७३४.००बराबरकै दरमा कार्य गराई भुक्तानी गरेको पाइयो । एकै प्याकेजमा समावेश नगरी उपभोक्ता समिति मार्फत समेत टुक्रे कार्य गराउदा बोलपत्रमा घटेको प्रतिशतका आधारमा गणना गर्दा उपभोक्ता समिति मार्फतको कार्यमा नगरपालिकालाई रु. ९,४३,६२३.००अतिरिक्त व्ययभार परेको देखियो । अतिरिक्त व्ययभार न्यूनिकरण गर्ने एकै स्थानमा गर्ने निर्माण कार्य एकै प्याकेजमा समावेश गरी प्रतिश्पर्धि विधिबाट खरिद गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>क्र सं</th><th>विवरण</th><th>लागत अनुमान</th><th>सम्झौता रु.</th><th>घटी प्रतिशत</th><th>प्रकृया</th><th>भुक्तानी प्राप्त गर्ने</th></tr>
</table>
</td>
<td>९४३,६२३</td>
</tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | वडा नं. १० कार्यालय भवन निर्माण | २१८४७८७३ | १२६०२६३१ | -४२ | बोलपत्र | चित्रपुर गणेश निर्माण सेवा |
| २ | वडा नं. १० कार्यालय भवन निर्माण थप | २२२९७३४ | २२२९७३४ | ० | उपभोक्ता समिति | उपभोक्ता समिति |
| | **जम्मा** | **२४०७७६०७** | **१४८३२३६५** | | | |

२०

**पेश्की बाँकी :**

२४,५१९,९०७

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिने तथा फछ्र्यौट गर्ने सम्वन्धि व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार म्याद नाघेको पेश्की देहाय अनुसार रहेको छ । म्याद ननाघेको पेश्की व्यवस्थापन गरी म्याद नाघेको पेश्कि फछ्र्यौट गर्नु पर्दछ ।

| सि.नं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्की लिने व्यक्ती, फर्म वा कम्पनीको नाम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७८/०८/१५ | २१३ | पलाञ्चोक कन्स्ट्रक्सन (प्रा.) लि. | ६०००० | पूजिगत |
| २ | २०७८/०८/१६ | २१४ | दि ग्रेट कन्स्ट्रक्सन प्रा.लि. | १४५०००० | पूजिगत |
| ३ | २०७८/०९/०६ | २ | एस. पि । बर्षा । पंच जे. भी | ९५०००० | पूजिगत |
| ४ | २०७८/०९/२२ | ३ | एस. पि । बर्षा । पंच जे. भी | ९५०००० | पूजिगत |
| ५ | २०७८/१०/१० | ४ | कालिभुमे निर्माण सेवा प्रा.लि | १६३५००० | पूजिगत |
| ६ | २०७८/११/१० | ६९० | बि.एस.पी.निमार्ण सेवा | ५००००० | पूजिगत |
| ७ | २०७८/११/१० | ६९० | बि.एस.पी.निमार्ण सेवा | २४०००० | पूजिगत |
| ८ | २०७८/११/१६ | ७३७ | कालिभुमे निर्माण सेवा प्रा.लि | १५००००० | पूजिगत |
| ९ | २०७८/११/२२ | ६ | हिमचुली निर्माण सेवा | ६५०००० | पूजिगत |
| १० | २०७८/११/२२ | ७ | हिमचुली निर्माण सेवा | ९००००० | पूजिगत |
| ११ | २०७८/११/२३ | ७७६ | प्रिस्किला कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ५००००० | पूजिगत |
| १२ | २०७९/०३/२४ | १५४७ | हिमचुली निर्माण सेवा | १६००००० | पूजिगत |
| १३ | २०७८/०४/२५ | २ | आरोग्य मेडि टेक प्रा. लि. | २५००००० | पूजिगत |
| १४ | २०७८/०८/१९ | २२५ | नेपाल विद्युत प्राधिकरण, भक्तपुर वितरण केन्द्र | १६६९९०७ | पूजिगत |
| १५ | २०७८/०९/०१ | २६६ | समग्र समाज विकास नेपाल | ३२०००० | पूजिगत |
| १६ | २०७८/०९/१९ | ३६६ | बखुन्छे टोल उपभोक्ता समिति | १६०००० | पूजिगत |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | २०७८/१०/०२ | ४६१ | मनिकाेडोल चिहान संरक्षण उ.स. | ४१६००० | पूजिगत |
| १८ | २०७८/१०/२७ | १५ | त्रिवेणी खाेला पुल निर्माण उ.स. | २५००००० | पूजिगत |
| १९ | २०७८/११/०२ | ६५२ | सिरुटार राजथला टोल सडक निर्माण उ.स. | ६४००० | पूजिगत |
| २० | २०७८/११/१२ | ७०८ | ख्याचोटार बाटो तथा ढल स्तरोन्नती उ स | ३२०००० | पूजिगत |
| २१ | २०७८/११/१५ | ७३५ | श्री चुनदेवी गणेश हिल टाेल सुधार समिति | १२८००० | पूजिगत |
| २२ | २०७८/११/२६ | ८०४ | पाण्डाेवजार मेन सडकवाट साम्लेपाटी जाने सडक उ.स. | ३२०००० | पूजिगत |
| २३ | २०७८/११/२९ | ८३७ | मुडबरि चाैरदेखि पाेखर थुम्का जाने सडक निर्माण उ.स. | २२४००० | पूजिगत |
| २४ | २०७८/११/३० | ८५६ | एकल धाराेमा किरिया पुत्री भवन निर्माण गर्न उपभाेक्ता समिति | ४८०००० | पूजिगत |
| २५ | २०७८/१२/११ | ९४८ | मेनराेडबाट अधिकारी टोल जाने बाटो निर्माण उपभाेक्ता समिति | १६०००० | पूजिगत |
| २६ | २०७८/१२/१४ | ९६३ | सु.न.पा.-९ मा बाटो स्तरोन्नती उपभोक्ता समिति | ५४४००० | पूजिगत |
| २७ | २०७८/१२/२९ | १०६८ | एकता टाेल वाटाे स्तराेन्नती उ.स. | ६४८००० | पूजिगत |
| २८ | २०७८/१२/३० | १०७२ | हर्षचाेक भित्री सडक ग्राभेल | ८०००० | पूजिगत |
| २९ | २०७९/०२/२३ | १३२२ | शिव मन्दिर तथा सत्तल सामुदायिक भवन निर्माण उ स | ३१२००० | पूजिगत |
| ३० | २०७९/०३/१२ | ३९ | टार जाने घट्टेखाेला ट्रस पुल निर्माण उपभाेक्ता समिति | ४५९००० | पूजिगत |
| ३१ | २०७९/०३/१२ | ४० | भातेढिकुर नन्दीकेश्वर भारआली खोला पुल निर्माण उपभोक्ता समिति | २५०००० | पूजिगत |
| ३२ | २०७९/०३/१२ | ४१ | पाण्डुबजार घलाते र चुनदेवी पर्यटन सन्ध्याकालीन उ.स. | ४८०००० | पूजिगत |
| ३३ | २०७८/१०/२८ | ६८० | नगर स्वास्थ्य केन्द्र, बालकोट | २०००० | चालु |
| ३४ | २०७८/१२/१७ | ९७६ | ओइस्का इन्टरनेशनल नेपाल खण्ड | ५००००० | चालु |
| ३५ | २०७९/०२/२७ | १३८५ | ओइस्का इन्टरनेशनल नेपाल खण्ड | ३३०००० | चालु |
| ३६ | २०७८/११/२३ | ८०१ | बालकोट वसिडोल युवा क्लव उपभोक्ता समिति | १६०००० | चालु |
| | | | जम्मा | २४५१९९०७ | |

उल्लेखित विवरणमा समावेश भए बाहेक सुत्र लेखा प्रणालीमा आर्थिक वर्षको अन्तमा बाँकी देखिएको तर आन्तरिक लेखापरिक्षण प्रतिवेदन र अन्य अभिलेखमा पेश्की फछ्यौंट बाँकी नदेखाएको देहायको पेश्कीका सम्वन्धमा अवस्था पहिचान गरी हिसाव मिलान गर्नु पर्ने देखिन्छ ।

| **सि.नं.** | **पेश्की लिएको मिति** | **गो. भौ. न.** | **पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | २०७८/०४/०१ | १ | तुलसी राम अधिकारी | ३००००० | चालु |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>२</td><td>२०७८/०७/०८</td><td>२०४</td><td>मोहन गिरी</td><td>२०००००</td><td>चालु</td></tr>
<tr><td>३</td><td>२०७८/०४/०१</td><td>१</td><td>समता सचेतना समाज</td><td>३०००००</td><td>चालु</td></tr>
<tr><td>४</td><td>२०७८/०४/०१</td><td>१</td><td>चित्रपुर अभिभावक स्वावलम्बन समूह</td><td>१८००००</td><td>चालु</td></tr>
<tr><td>५</td><td>२०७८/०६/०५</td><td>८०</td><td>शारदा सरस्वती मन्दिर निर्माण उ स</td><td>१६००००</td><td>चालु</td></tr>
<tr><td>६</td><td>२०७८/०४/०१</td><td>१</td><td>पार्वती नगरकोटी</td><td>७००००</td><td>चालु</td></tr>
<tr><td>७</td><td>२०७८/०४/०१</td><td>१</td><td>शन्तोष प्रसाद ढुंङ्गेल</td><td>९००००</td><td>चालु</td></tr>
<tr><td>८</td><td>२०७८/०६/१७</td><td>६</td><td>राजेन्द्र कुमार श्रेष्ठ</td><td>२०००००</td><td>चालु</td></tr>
<tr><td>९</td><td>२०७८/०९/०८</td><td>७</td><td>डोके खोला सडक पुल अरनिको हाईवे जोरपाटी</td><td>२९७६०००</td><td>पूजिगत</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>४४७६०००</td><td></td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>२१</td>
<td></td>
<td></td>
<td>
धरौटी :<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा कार्यालयले आफ्नो नाममा एकल कोष धरौटी खातामा जम्मा गरेको धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयको गत वर्षको धरौटी रु. २,८३,२६,१६४ .०१, यस वर्षको आम्दानी रु. १,३६,४७,९९१.४२ र फिर्ता रु. १,१२,२९,९६६.०० गरी बाँकी रु. ३,०७,४४,१८९.४३ रहेको वित्तिय विवरणबाट देखिन्छ । गत वर्षको अ.ल्या. धरौटी मध्ये देहाय अनुसार रु. १९,४३,७१८.०० को सूर्यविनायक र अन्तर्लिंगेश्वर नगरपालिकाको धरौटीको नाम नामेशी खुलेको देखिएन । फिर्ता गर्नुपर्ने नाम नामेसी यकिन गरी धरौटी खाता व्यवस्थित गर्नुपर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>धरौटी रकम रु.</th></tr>
<tr><td>१</td><td>साविक सूर्यविनायक नगरपालिका तर्फ नाम नामेशी नखुलेको</td><td>४१६३१२</td></tr>
<tr><td>२</td><td>साविक अनन्तलिंगेश्वर नगरपालिका तर्फको नाम नामेशी नखुलेको</td><td>१५२७४०६</td></tr>
<tr><td>३</td><td>आ.ब. २०७३।७४ को धरौटी रकम</td><td>२८७५५६</td></tr>
<tr><td>४</td><td>आ.ब. २०७४।७५ को धरौटी रकम</td><td>१९८३७४</td></tr>
<tr><td>५</td><td>आ.ब. २०७५।७६ को धरौटी रकम</td><td>१९१२६४४</td></tr>
<tr><td>६</td><td>आ.ब. २०७६।७७ को धरौटी रकम</td><td>४४७०८९४</td></tr>
<tr><td>७</td><td>आ.ब. २०७७।७८ को धरौटी रकम</td><td>१३६४६३५७</td></tr>
<tr><td>८</td><td>श्रोत नखुलेको</td><td>५८६६६२०</td></tr>
</table>
</td>
<td>१,९४३,७१८</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | जम्मा | २८३२६१६३ |

२२

**योजना टुक्रा गरेको :**

सूर्यविनायक नगरपालिका नवौं नगर सभाबाट आ.ब. ०७८।७९ का लागि रु. ७३ करोड ९८ लाख ४७ हजारको पूजीगत बजेट स्वीकृत भई कार्यान्वयनमा आएको छ । नगर सभाले स्वीकृत गरेको योजना वडा समितिले संशोधन गरी सुविश्ताका आधारमा बजेट खर्च गर्नेगरि पुनः विविध टुक्रे योजनामा विभाजन गरी खर्च गरेको पाइयो । एक योजनामा विनियोजित बजेट धेरै संख्याका टुक्रे योजनामा विभाजन गरी खर्च गर्ने प्रबृत्ति नियन्त्रण गर्न नगरपालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । नगर सभाले स्वीकृत गरेको योजना वडा समितिले संशोधन तथा विभाजन गरेको उपयुक्त देखिन आएन । यसरी विभाजन गरेका केही उदाहरण देहायमा उल्लेख छ ।

| | | | |
|---|---|---|---|
| **बजेट स्वीकृत योजना :** | | **पत्रकार महासंघ भक्तपुरको कार्यालय सु न पा ५ मा निर्माण गर्न** | **१००००००** |
| टुक्रा गरेको योजना : | | | |
| १ | | सुनपा ५, संसोधित कार्यक्रम खर्च | ७५००० |
| २ | | सुनपा ५, वडा वजेट बाट संसोधित कार्यक्रम खर्च पारिजात महिला उपभोक्ता समिति | ८०००० |
| ३ | | नयाँ मनोरम टोल सुधार समिति | १००००० |
| ४ | | महालक्ष्मी भजन किर्तन उपभोक्ता समिति | १००००० |
| ५ | | पारिजात महिला उपभोक्ता समिति | ९९८६० |
| ६ | | प्रगती टोल बाटो स्तरोन्नती | ४००००० |
| ७ | | ब्राइट सन कम्पनी प्रा.लि. | ९९८९९ |
| | | जम्मा | ९५४७५९ |
| बजेट स्वीकृत योजना : | | भट्टराईटोलको घर भई जाने बाटो | १२००००० |
| टुक्रा गरेको योजना : | | | |
| १ | | जुल्फादेवी आमा समूह | ७०००० |
| २ | | समावेशी युवा समुह | ९३५५० |
| ३ | | रमा मैनाली | १४०००० |
| ४ | | शुभकामना कृषक महिला समुह | ७५००० |
| ५ | | अग्रज महिलाहरुको क्षमता अभिबृद्धि उपभोक्ता समिति | १२५००० |

| | | | |
|---|---|---|---|
| ६ | | कमलविनायक कंक्रीट एण्ड मल्टीपर्पोज प्रा.ली. | १३८००० |
| ७ | | कमलविनायक कंक्रीट एण्ड मल्टीपर्पोज प्रा.ली. | ६७४९५ |
| ८ | | चुनदेवी टोल सुधार समिति | २९८६१५ |
| ९ | | महालक्ष्मी भजन किर्तन उपभोक्ता समिति | १००००० |
| १० | | समावेशी युवा समुह | ५०००० |
| ११ | | पारिजात महिला उपभोक्ता समिति | ९९८६० |
| | | **जम्मा** | **१२५७५२०** |

२३

**निर्माण इजाजत :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७ मा भवन निर्माण सम्वन्धि व्यवस्था रहेको छ । नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार आ.ब. ०७८।७९ को निर्माण इजाजत अवस्था देहाय अनुसार देखिन्छ । डि पि सि, भवन निर्माण इजाजत, निर्माण सम्पन्न, अभिलेखिकरण, नक्सा नामसारी, तल्ला थप, आंशिक सम्पन्न तथा नविकरण समेत वडा १ देखि १० सम्मको कुल ३८१६ इजाजत स्वीकृत भएको देखिन्छ । नगरपालिकाले नक्सा पास नगराई निर्माण भएका भवन पहिचान गरी अभिलेखिकरणको दायरामा ल्याएको पाइएन । वार्षिक निर्माण इजाजतको तुलनामा निर्माण सम्पन्न दर न्यून देखिएकोले प्रस्तावित समय भित्र निर्माण सम्पन्न गर्न व्यक्तिगत आवस निर्माणकर्तालाई प्रोत्शाहित गर्नुपर्ने देखिन्छ ।

| सि.नं | विवरण | वडा | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
| १ | डि पि सि | ९५ | १२२ | ९३ | २०१ | २०९ | ७७ | ४७ | २६४ | ४७ | ८० | १२३५ |
| २ | भवन निर्माण इजाजत | ८८ | ११३ | १०८ | २१४ | १७३ | ६४ | ५५ | २८३ | ४७ | ७४ | १२१९ |
| ३ | निर्माण सम्पन्न | ६६ | ८८ | ११० | १३७ | १३० | १५ | २७ | १६० | २९ | ३५ | ७९७ |
| ४ | अभिलेखिकरण | १३ | ३२ | २६ | ४९ | ५० | २२ | ७ | ५० | ६ | ९ | २६४ |
| ५ | नक्सा नामसारी | १४ | २८ | १५ | २२ | २० | १६ | ५ | ४१ | २ | ४ | १६७ |
| ६ | तल्ला थप | २ | १ | १ | २ | ५ | ३ | ० | ३ | ० | १ | १८ |
| ७ | आंशिक सम्पन्न | ५ | ५ | ९ | १२ | १३ | २ | २ | २४ | ० | ६ | ७८ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | नविकरण | ४ | ४ | ३ | ३ | २ | ६ | ० | ६ | ४ | ६ | ३८ |
| | **जम्मा** | **२८७** | **३९३** | **३६५** | **६४०** | **६०२** | **२०५** | **१४३** | **८३१** | **१३५** | **२१५** | **३८१६** |

२४ **जिन्सी निरीक्षण प्रतिवेदन :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(४) मा जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि लिलाम विक्री गर्नुपर्ने जिन्सी मालसामानको हकमा नियम १०६ बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएको एक महिना भित्र लिलाम बिक्रिको प्रकृया शुरु गर्नुपर्ने लगायतका व्यवास्था रहेकोमा प्रतिवेदनले लिलाम विक्री गर्नुपर्ने भनी उल्लेख गरेका देहायका १२ प्रकारका ६५ मालसामानको सम्वन्धमा लेखापरीक्षण अवधि सम्म थप प्रकृया अवलम्वन गरेको देखिएन ।

| क्र सं | मालसामानको विवरण | मर्मत गर्नुपर्ने | लिलाम गर्नुपर्ने |
|---|---|---|---|
| १ | मोटरसाइकल | ० | २ |
| २ | हाजिर मेसिन | ० | १ |
| ३ | डेस्कटप कम्फ्यूटर | ० | ४ |
| ४ | ल्यापटप | ३ | ४ |
| ५ | मोनिटर | ० | ३ |
| ६ | भ्याकुम क्लिनर | ० | २ |
| ७ | भि एच एफ मोवाइल सेट | ० | ६ |
| ८ | टेवुल | ० | ५ |
| ९ | स्टिल दराज | ० | ४ |
| १० | कम्प्यूटर टेवल | ० | ६ |
| ११ | सोफासेट | ० | २ |
| १२ | रिभल्भिङ्ग चेयर | ० | २६ |
| | **जम्मा** | **३** | **६५** |

२५ **योजना प्रगति :**

स्थनीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ मा योजना तर्जुमा तथा कार्यान्वयन सम्वन्धि व्यवस्था छ ।

नगरपालिकाबाट २०७८ मा प्रकाशित सूर्यविनायक दर्पणमा उल्लेख गरे अनुसार वस्ती स्तरबाटै आवश्यकता पहिचान भई आएका आ.ब. २०७४।७५ देखि २०७८।७९ सम्म ३४२० विभिन्न योजना सम्पन्न भएको विवरणबाट देखिन्छ ।

| क्र.सं. | विवरण | सम्पन्न योजना संख्या | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०७४।७५ | २०७५।७६ | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | |
| १ | सडक योजना | १४५ | २४८ | ३०१ | ३०५ | २२० | १२१९ |
| २ | सडक मोटर पुल | ० | ५ | ६ | ६ | ६ | २३ |
| ३ | ट्रस पूल | ० | ० | २ | २ | ४ | ८ |
| ४ | सडक सिमाङ्कन | १० | ५२ | ६२ | ६१ | ३४ | २१९ |
| ५ | सडक मर्मत संभार र स्तरोन्नती | ९० | २५७ | २६७ | २८५ | ३०७ | १२०६ |
| ६ | ढल निर्माण | २५ | ३४ | ३५ | ४२ | ३९ | १७५ |
| ७ | खानेपानी | २५ | ३० | ३५ | ३२ | ४५ | १६७ |
| ८ | मठ मन्दिर गुम्वा शिवालय | १५ | २० | ४५ | ४८ | ४३ | १७१ |
| ९ | सिंचाई कुलो | २३ | ३२ | २१ | १७ | १५ | १०८ |
| १० | सामुदायिक भवन | ४ | ५ | ६ | १० | १० | ३५ |
| ११ | सरकारी भवन (वडा कार्यालय स्वास्थ्य संस्था) | ० | ० | १० | ८ | ५ | २३ |
| १२ | विद्यालय भवन | ४ | १० | १५ | १७ | १८ | ६४ |
| | **जम्मा** | **३४१** | **६९३** | **८०५** | **८३३** | **७४६** | **३४१८** |
| | **सडक वत्ति जडान** | **०** | **०** | **०** | **२१००** | **२२००** | **४३००** |

- सडक योजना २२०, मोटरेवल पुल ६, ट्रस्ट पुल ४, सडक सिमाङ्कन ३४, सडक मर्मत संभार तथा स्तरोन्नती ३०७, ढल निर्माण ३९, खानेपानी सम्वन्धि ४५, मठ मन्दिर गुम्बा र शिवालय ४३, सिंचाई कुलो १५, सामुदायिक भवन १०, वडा कार्यालय र स्वास्थ्य संस्था ५, विद्यालय भवन १८गरी ७४७ योजना सम्पन्न भएको प्रगति विवरणबाट देखिन्छ । निर्मित संरचना मध्ये अधिकांश योजना उपभोक्ता समिति मार्फत सम्पन्न भएको भएपनि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(१२) को व्यवस्था अनुसार रेखदेख तथा मर्मत

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>संभारको जिम्मेवारी उपभोक्ता समितिमा हस्तान्तरण गरेको देखिएन ।<br>• पूर्वाधार क्षेत्रमा ५ आर्थिक वर्षमा रु. १ करोड भन्दा माथिका ५५, रु. ३० लाख माथिका १२४, रु. ५ लाख माथिका १७४४ तथा अन्य मर्मत संभारका १४९७ गरी ३४२० योजना सम्पन्न भएको प्रगतिबाट देखिन्छ । सम्पन्न योजनाको संख्य अध्ययन गर्दा अधिकाङ्स योजना न्यून बजेटका देखिन्छ । बोलपत्रको माध्यमबाट प्रतिस्पर्धी योजना कार्यान्वयन गर्ने गरी ठुला बजेटका दियो किसिमका योजना कार्यान्वयन गरी रेखदेख र मर्मत संभारको समेत उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।<br>• समिक्षा प्रतिवेदन अनुसार पालिकाले आर्थिक वर्ष ०७७।७८ मा २१०० र आ.ब. ०७८।७९ मा २२०० सडक वत्ति जडान भएको विवरणबाट देखिन्छ । जडान भएका सडक वत्ति केही बोलपत्रको माध्यमबाट प्रतिश्पर्धि रुपमा र अन्य विभिन्न वडा स्तरिय योजनामा छनौट गरी उपभोक्ता समिति मार्फत खरिद गरी जडान गरेको देखिन्छ । बोलपत्रको माध्यमबाट खरिद तथा जडान भएका सडक बत्ति लागत अनुमान भन्दा ५४ प्रतिशत सम्म घटीमा खरिद भएको देखिन्छ । समान किसिमका लागत अनुमान मार्फत उपभोक्ता समिति मार्फत कार्य गराउँदा नगरपालिका प्रतिश्पर्धि खरिदको लाभबाट बञ्चित हुनुपरेका कारण ठेक्का प्रकृयामा घटे बराबरको रकम उपभोक्ता समिति मार्फत गराउदा अतिरिक्त व्ययभार परेको देखिन्छ । समान किसिमको कार्य एकै प्याकेजमा समावेश गरी प्रतिश्पर्धि विधिबाट खरिद गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ । उदाहारणका लागि बोलपत्र प्रकृयाबाट खरिद गर्दा लागत अनुमानको तुलनामा घटीमा आपूर्ति गर्ने गरी कबोल गरेको विवरण देहायमा उल्लेख छ ।
<table>
<tr><th>क्र सं</th><th>विवरण</th><th>लागत अनुमान</th><th>सम्झौता</th><th>घटी प्रतिशत</th></tr>
<tr><td>१</td><td>एसी स्ट्रिट लाइट आपूर्ति तथा जडान</td><td>९९९९६२७</td><td>४६००२०७</td><td>५४</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>२६</td>
<td></td>
<td></td>
<td>सहकारी व्यवस्थापन :<br>नगरपालिका मातहत १०३ बचत तथा ऋण सहकारी संस्था, ५१ बहुउदेश्यीय सहकारी संस्था, २० कृषि सहकारी संस्था, १३ महिला सहकारी संस्था गरी १८७ सहकारी संस्था रहेको विवरणबाट देखिन्छ । सहकारी संस्था नियमन तथा व्यवस्थपन गर्न समान स्तरका नगरपालिका तथा महानगरपालिकाले सहकारी ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोमा पालिकाले यस कार्य व्यवस्थित गर्न कानुनी व्यवस्था गरेको देखिएन । सहकारी साखाले उपलव्ध गराएको विवरण अनुसार १८७ मध्ये ४७ सहकारीको मात्र शेयर पूजि, बचत संकलन, ऋण लगानी लगायतका व्यहोरा समावेश गरि वित्तिय अवस्था प्रतिवेदन तयार गरेपनि १४० सहकारिको वित्तिय अवस्था अभिलेखिकरण गरेको छैन । सहकारीको क्षेत्रमा अन्तर्कृया,</td>
<td></td>
</tr>
</table>

अनुगमन लगायतका कार्य गर्न यस वर्ष रु. २०,००,०००.०० विनियोजन मध्ये रु. ८,०२,४१०.०० खर्च गरेको विवरण तयार गरेको भएपनि बचत परिचालन, कर्जा प्रवाह, ऋण व्यवस्थापन लगायतका क्षेत्रको अध्ययन तथा विश्लेषण मार्फत समस्याग्रस्त सहकारी पहिचान गरी सुधारका उपाय अवलम्वन गरेको देखिएन । हितैषि बचत तथा ऋण तथा जनजिविका बचत सहकारी संस्थाको सम्वन्धमा देखिएको समस्या विचाराधिन रहेको सम्वन्धमा विवरण तयार गरेपनि अन्यको अवस्थाको अद्यावधिक विवरण तयार गरेको छैन । आ.ब. ०७९।८० मा ४९ सहकारीको सधारण सभा भएको र ८१ सहकारीले लेखापरीक्षण स्वीकृति लिएपनि अन्यको अवस्था यकिन छैन । यसबाट नगरपालिका अन्तर्गतका सहकारी व्यवस्थापन प्रभावकारी देखिएन । यस सम्वन्धमा नगरपालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

२७

**उपभोक्ता समिति मार्फत पुल निर्माण :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने सम्वन्धि व्यवस्था छ । यसै नियमावलीको नियम ९ मा उपभोक्ता समिति मार्फतको कार्यमा हेभि मेशिनहरु प्रयोग गर्न नपाइने र नियम १० मा पाएको काम उपभोक्ता समिति आफैंले गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निर्माण कार्यमा विशेष दक्षता आवश्यक पर्ने पुल निर्माणका देहाय अनुसारको कार्य समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो । ठेक्का प्रकृयाबाट निर्माण व्यवसायी मार्फत गर्नुपर्ने कार्य उपभोक्ता समिति मार्फत गराएको उपयुक्त देखिएन । यीनै पुलमध्ये लागत अनुमान रु. ९९,४६,६१६.२७ को त्रिवेणी (महादेव) खोला पुल २०७८।१२।३० भित्र निर्माण सम्पन्न गर्ने गरी उपभोक्ता समितिसंग सम्झौता गरी रु. २५,००,०००.०० पेश्की उपलव्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म पनि निर्माण कार्य शुरु गरेको छैन । पेश्की लिई सम्झौता समाप्त हुदा सम्म निर्माणकार्य शुरु नभएको सम्वन्धमा सतर्कता कायम गर्नुपर्ने देखिन्छ।

| क्र.सं. | विवरण | सम्पन्न तथा भुक्तानी | पेश्की |
|---|---|---|---|
| १ | डोके खोला पुल | ९८८०३५८ | |
| २ | चख्खु खोला पुल | ८५७९८०९ | |
| ३ | भारआली खोला पुल | ७०६८०१२ | |
| ४ | चरखण्डी खोला पुल | ८६१४२७५ | |
| ५ | बुढीगण्डकी रानीखोला पुल | ९१४४३४७ | |
| ६ | त्रिवेणी (महादेव) खोला पुल | | २५००००० |

स्टिल पुलहरुमा प्रयोग गर्ने फेब्रिकेशन खरिदका लागि देहाय अनुसार बोलपत्र आह्वान गरेकोमा ठेक्का सम्झौता हुन नसकेकोले फेब्रिकेशन आपूर्ति भएको देखिएन । स्टिल पार्ट आपूर्ति नभएकोले सिमिल कार्य सम्पन्न गरेका पुल समेत

प्रयोगमा आउन नसकेको जानकारी प्राप्त भएको छ । स्टिल फेब्रिकेशन कार्य समेत पुरा गरी निर्मित संरचना प्रयोग योग्य बनाउनु पर्ने देखिन्छ ।

| सि नं | ठेक्का नं | कामको विवरण | लागत |
|---|---|---|---|
| १ | sm.०६.०७८.०७९.०1 | स्टिलपार्ट सप्लाई डोकेखोला फेब्रिकेशन | ८३१०७४ |
| २ | sm.०६.०७८.०७९.०२ | अण्डोल खोला ट्रश पुल फेब्रिकेशन | १५५८०७७ |
| ३ | sm.०६.०७८.०७९.०३ | चख्खु धारा ट्रश पुल फेब्रिकेशन | ८३१०३७ |
| ४ | sm.०६.०७८.०७९.०४ | टारजाने घट्टेखोला ट्रश पुल फेब्रिकेशन | ९४७६८१ |

२८

**सामाजिक सुरक्षा :**

सामाजिक सूरक्षा भत्ता विरतण कार्यविधि २०७७ मा लाभग्राही अभिलेख अध्यावधिक गर्नुपर्ने, नवीकरण तथा लगत कट्टा र थप भएको लाभग्राहीको विवरण तयार गर्नुपर्ने लगायतका व्यवस्था रहेको छ । नेपाल सरकारले वजेटमा व्यवस्था गरी अन्य जेष्ठ नागरिक, जेष्ठ नागरिक(दलित), जेष्ठ नागरिक (एकल महिला), पूर्ण अपाङ्गता, अति अशक्त अपाङ्गता, दलित वालवालिका लगायतका वर्गलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । पालिकाले भत्ता वितरण गर्ने बैंकलाई सामाजिक सुरक्षा भत्ता वापत निकासा भएको रकमबाट वितरण भई बांकी रहेको विवरण उपलव्ध गराउन पत्राचार गरेकोमा निस्कृय खाता, दोहोरो खाता, डमी खाता तथा ती खातामा जम्मा भएको रकमको विवरण प्राप्त गरेको देखिएन । सामाजिक सुरक्षा भत्ता व्यवस्थापन सूचना प्रणालीमा केही लाभग्राहीको विवरण अद्यावधिक गर्न बाँकी रहेकोमा अद्यावधिक गर्ने चरणमा रहेको कार्यालयले जनाएको छ । विवरण अद्यावधिक गरी भत्ता प्रणाली व्यवस्थित गर्नुपर्दछ । प्रत्यक चौमाशिकमा सामाजिक सुरक्षा भत्ता प्रस गर्ने लाभग्राहीको संख्या वढ्दै गएको पाइयो । आ.व. ०७८/७९ मा नगरपालिकामा १६,८८२ लाभग्रहीले रु. १६,९२,९७ हजार सामाजिक सुरक्षा भत्ता वितरण गरेको अभिलेखबाट देखिन्छ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही विवरण देहाय अनुसार छ :

| विवरण | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौंथो त्रैमासिक | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संङ्ख्या | रकम | संङ्ख्या | रकम | संङ्ख्या | रकम | संङ्ख्या | रकम | संङ्ख्या | रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | २३३५ | २७२७५ | २३५० | २७७७७ | २३६० | २७९१४ | २३७७ | २८१७८ | ९४२२ | १११९४५ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ७२ | ५६९ | ७६ | ५९५ | ७७ | ६०९ | ७५ | ५९५ | ३०० | २३७० |
| जेष्ठ नागरिक एकल | ६२२ | ५१२१ | ६३० | ४९८३ | ६३२ | ५०३८ | ६४१ | ५०८१ | २५२५ | २०२२४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | | | | | | | | | | |
| विधवा | ७५७ | ६२४८ | ७६१ | ६०१७ | ७६९ | ६१०२ | ७७० | ६१०७ | ३०५७ | २४४७६ |
| पूर्ण अपाङ्गता भत्ता | १४० | १६०४ | १४६ | १७४१ | १४९ | १७६३ | १५३ | १७९४ | ५८८ | ६९०४ |
| अति अशक्त अपाङ्गता भत्ता | १३० | ८४९ | १३५ | ८५९ | १३९ | ८८१ | १४३ | ८९३ | ५४७ | ३४८४ |
| दलित बालबालिका | १११ | १९० | १०९ | १६६ | १११ | १६६ | ११२ | १६७ | ४४३ | ६९१ |
| **जम्मा** | **४१६७** | **४१८५६** | **४२०७** | **४२१४३** | **४२३७** | **४२४७६** | **४२७१** | **४२८१८** | **१६८८२** | **१६९२९७** |

२९

**आन्तरिक आय :**

स्थानीय सरकार संचालन ऐन, २०६४ को दफा ११ मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्र्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्र्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकको महत्वपुर्ण भुमिका रहने देखिएकोले राजस्व प्रक्षेपण देखि योजना तथा बजेट निर्माण र कार्यावन्यन प्रणाली व्यवस्थित बनाउन स्थानीय तथ्याङ्क तथा अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

- नगरपालिकाले राखेको आम्दानीको वैंक नगदी किताव अनुसार विभिन्न वडाले संकलन गरी जम्मा गरेको राजस्व देहाय अनुसार रहेको देखिन्छ । वडा कार्यालयबाट नगदी रसिद प्रिन्ट गरी वैंक दाखिला गरेको भौचर नगरपालिका कार्यालयमा पेश भएपछि सोही आधारमा आम्दानी लेखाङ्कन गर्ने गरेको देखियो ।केन्द्रिय लेखाको लेखाङ्कन प्रणाली र सफ्टवेयरको आम्दानी विवरण दैनिक, साप्ताहिक, मासिक र वार्षिक रुपमा समेत रिकन्साइल गर्ने गरेको देखिएन ।यसबाट कुल आयको वास्तविक अवस्था यकिन नहुने, वैंक सफ्टवेयर र खातामा देखाएको आम्दानीमा फरक पर्ने जस्ता अवस्था भई आय लेखाङ्कन वास्तविक नहुने देखिन्छ । निश्चित अवधि भित्र अनिवार्य रिकन्साइल गरी आय चुहावट भए नभएको पत्ता लगाई यकिन गरी लेखाङ्कन गर्ने प्रणाली विकास गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा आय खाताको मौज्दात र वैक भौचरका आधारमा आयको वैंक नगदी कितावमा भएको प्रविष्टि वाहेक सवै रसिद, भौचर, आम्दानी लेखाङ्कन आदिको परीक्षण गरिएको छैन ।नगरपालिकाले आन्तरिक निरयन्त्रण प्रणाली सुदृढ गरी राजस्व संकलन र दाखिला प्रभावकारी भरपर्दो र पारदर्शी वनाउनु पर्दछ ।

- नगरपालिकाले उपलब्ध गराएको आय व्यय विवरण अनुसार नगरपालिकाले सम्पत्ति कर, भूमीकर, घर बहाल कर, व्यवसाय रजिष्ट्रेशन दस्तुर, नक्शापास दस्तुर, शिफारिश दस्तुर, व्यक्तिगत घटना दस्तुर, प्रशासनिक दण्ड जरिवाना, अन्य दस्तुर तथा सेवा शुल्क शिर्षकमा देहाय अनुसार वडागत आन्तरिक आय आर्जन गरेको देखिन्छ ।

| वडा | आम्दानी |
|---|---|
| १ | ६३८११६२ |
| २ | ८८३९२०९ |
| ३ | ४५५७७५३ |
| ४ | ११०५५२५६ |
| ५ | १२६२८४७१ |
| ६ | ६४७६३८२ |
| ७ | ८८५३८५८ |
| ८ | २३६१०५२१ |
| ९ | ६१६१५९८ |
| १० | ८०००६९९ |
| **वडाको जम्मा** | **९६५६४९०९** |
| **नगरपालिका राजस्व काउन्टर** | **१५२२३४२५६** |
| **कुल जम्मा** | **२४८७९९१६५** |

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष कार्यालयले व्यवसाय रजिष्ट्रेशन दस्तुर रु. ३५,५७,०८३.०० संकलन गरेको अभिलेख छ । व्यक्तिगत स्वघोषणाका आधारमामात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेकोमा दर्ता नभएका व्यवसायीलाई समेत करको दायरामा ल्याउने गरी प्रणाली व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।
- नगरपालिका कार्यालय तथा वडाकार्यालयमा प्रत्येक आ.व. मा कर तिर्ने करदाताको व्यक्तिगत विवरण सहितको लगत नराखी प्रत्येक आ.व.मा नयाँ करदाता सरह व्यवहार गर्ने गरिएको छ, जसको कारण कुन करदाताले कुन

| | | | | |
|---|---|---|---|---|
| | | | तरिका बाट, कुन दररेटको आधारमा कति अवधि देखि व्यवसाय कर, घरवहाल कर, सम्पत्ति कर तथा अन्य कर आदि दाखिला गर्ने गरेको छ यकिन तथ्याङ्क पेश भएन । कर दाखिला सहितको करदाताको व्यक्तिगत विवरण नराखेको कारण करदाताको एकिन तथ्यांक अद्यावधिक छैन । यसबाट राजश्व प्रणाली अनुमान योग्य हुन सकेको देखिएन । राजश्व चुवाहट न्यूनिकरण गर्न राजस्व प्रणाली अनुमानयोग्य बनाउन आवस्यक व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ ।आर्थिक वर्ष २०७८/७९मा कार्यालयले यस शीर्षकमा कर संकलन गरेको देखिएन । कार्यालयले क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर असुल गर्न सम्भाव्यता अध्ययन गरि राजश्व दायरा विस्तार गर्न उपयुक्त हुने देखिन्छ । | |

| वडा | आम्दानी |
|---|---|
| १ | ६३८११६२ |
| २ | ८८३९२०९ |
| ३ | ४५५७७५३ |
| ४ | ११०५५२५६ |
| ५ | १२६२८४७१ |
| ६ | ६४७६३८२ |
| ७ | ८८५३८५८ |
| ८ | २३६१०५२१ |
| ९ | ६१६१५९८ |
| १० | ८०००६९९ |
| **वडाको जम्मा** | **९६५६४९०९** |
| **नगरपालिका राजस्व काउन्टर** | **१५२२३४२५६** |
| **कुल जम्मा** | **२४८७९९१६५** |

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तर्दायित्य नियमावली ,२०७७ को परिच्छेद ६ नियम ५८ अनुसार राजश्व

| | | | | |
|---|---|---|---|---|
| | | | दाखिला तथा राजश्व लेखा सम्बन्धमा व्यवस्था गरिएको छ उक्त व्यवस्था अनुसार कायालयले दैनिक राजश्व नगद बढीमा पाँच हजार सम्म नगदै बुझिलिई सो भन्दा बढी रकम बैंक मार्फत दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । साथै जम्मा भएको राजश्व सम्बन्धी संशोधन फिर्ता गर्नुपर्नेमा कार्यालयले निर्णय गरी सम्बन्धीत शिर्षक मार्फत संशोधन, फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ र त्यस्तो फिर्ताको प्रक्रिया १ वर्ष भित्र सुरु गरि सक्नु पर्ने अन्यथा संचित कोषमा दाखिला भएको मानिने व्यवस्था रहेको छ । यस नगरपालिका अन्तरगतका कतिपय वडा कार्यालयले जम्मा भएको राजश्व स्वयं फिर्ता गर्ने गरेको देखियो यसर्थ यस्तो राजश्व फिर्ता रद्ध रसिद सम्बन्धमा ऐनमा भएको व्यवस्थाबाट मात्र प्रकृया अघि बढाउन उपर्युक्त हुने देखिन्छ । | |